# लमही नगरपालिकाको नीति तथा कार्यक्रम

## (आ.ब. २०७८/०७९)

लमही नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

लमही, दाङ,

लुम्बिनी प्रदेश, नेपाल

मिति : २०७८।०३।०९ गते बुधवार

आदरणीय नगरसभा सदस्य ज्यूहरु,

१. यस सम्मानित नवौं नगरसभालाई सम्वोधन गर्न पाउँदा म गौरवान्वित भएको छु

२. यस अवसरमा नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान साथै लोकतान्त्रिक गणतन्त्रलाई मूर्तरुप दिन आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्न चाहन्छु । साथै सामाजिक न्याय, समावेशिता, राष्ट्रियता प्रति प्रतिवद्ध भई नागरिक हक सहितको न्यायपूर्ण समाज निर्माणको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दै सामाजिक रुपान्तरणको क्रममा घाईते, वेपत्ता व्यक्ति तथा परिवारहरुलाई सम्मानका साथ स्मरण गर्न चाहन्छु ।

३. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना रोगले निम्ताएको बिद्यमान विषम परिस्थिती बाट सम्पूर्ण विश्व गुज्रिरहेको समयमा यस नगरपालिका पनी अछुतो रहन सकेन । यस महामारीबाट सङ्क्रमित भई देश तथा बिदेशमा ज्यान गुमाउने नेपाली तथा विदेशी नागरिकहरु प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्न चाहन्छु साथै परिवारजनप्रति समवेदना व्यक्त गर्दै उपचारतहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

४. जोखिमपूर्ण स्थितिमा अग्रपङ्क्तिमा रहेर सेवा गर्ने चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सफाईकर्मी, एम्वुलेन्स चालक, पत्रकार, जनप्रतिनिधि लगायत अन्य कर्मचारीहरुको म उच्च प्रशंसा गर्दछु । साथै कोरोना रोकथाम, नियन्त्रण, व्यवस्थापन र उपचार कार्यमा यस लमही नगरपालिका सँग हातमालो गरि आर्थिक तथा भौतिक सहयोग गर्नुहुने सम्पूर्ण सरकारी तथा गैरसरकारी कार्यालयहरु, संघ संस्था तथा व्यक्तिहरु सबैलाई धन्यवाद दिन चाहन्छु ।

५. लमही नगरपालिका स्थापना भए देखी नगर निर्माण अभियानमा प्रत्यक्ष वा परोक्ष रुपले योगदान दिनु हुने स्थानीय बुद्धिजीबी, समाजसेवी, विकासप्रेमी, ब्यापारी, ब्यवसायी, टोल विकास संस्था, निजी तथा गैर सरकारी संस्था सबैलाई हार्दिक आभार प्रकट गर्न चाहान्छु ।

नगरसभाका सदस्य ज्यूहरु,

६. अव म चालु आ.व.२०७७।०७८ मा अघि बढाइएका नीति तथा कार्यक्रमहरुको उपलब्धिहरुको बारेमा संक्षेपमा चर्चा गर्न चाहान्छु ।

७. सातौं नगरसभाबाट पारित गरिएका तथा आठौ नगर सभाबाट संशोधित कार्यक्रमहरुलाई कार्यान्वयन गर्ने र विकास निर्माणका गतिविधिलाई तीव्रता दिने समयमा कोभिड-१९ को महामारी सँग जुझनुपर्दा हाम्रो प्रयासमा पक्कै पनि गतिरोध उत्पन्न भएको छ । फलत : चालु आ.ब.०७७।०७८मा नगरपालिकाको नीति तथा कार्यक्रममा समावेश भएका कतिपय

कार्यक्रम तथा बिकास निर्माणका कार्यमा आशातित उपलब्धि हासिल गर्न नसकिएको यथार्थ हामी माझ छर्लङ्ग छ ।

८. सारा बिश्व बिचलित हुने गरि कोभिड १९ का कारण श्रृजित बर्तमान असहज अवस्थाको बाबजुद पनि आम नगरवासीको सपना साकार पार्न, आम नागरिकहरुको आशा तथा अपेक्षा अनुसारको सेवा प्रवाह गर्ने तर्फ हामी निरन्तर प्रयासरत रहेको कुरालाई यँहाहरु समक्ष निबेदन गर्दै अब म चालू आर्थिक बर्ष २०७७/०७८ मा भएका केही महत्वपूर्ण उपलब्धिहरुको बारेमा संक्षेपमा प्रकाश पार्न चाहन्छु ।

९. कार्यालयबाट संम्पादन गरिने सेवा प्रवाहलाई थप प्रभावकारी, चुस्त र गुणस्तरयुक्त बनाउन आवश्यक कार्यालयको सेवा प्रवाह बिषयगत र जनमुखी बनाउने उद्देश्यका साथ सुरु गरिएको प्रशासकीय भवनको निर्माण कार्य पुरा भएको छ । साथै कार्यालय हाता भित्र पार्किङ सहित परिसर निर्माणको ठेक्का सम्झौता भईसकेको छ ।

१०. नगरस्तरीय गौरवका योजनाहरुको सन्दर्भमा नेपाल शहरी विकास मन्त्रालय र विश्व वैक विच ऋण सम्झौता भए बमोजिम यस लमही नगरपालिकाले शहरी विकास मन्त्रालयबाट तिन बर्षिय योजना सम्पन्नताको लागि २२ करोड ५६ लाख ६८ हजार ११० रुपैया अनुदान पाएको छ जसमध्ये यस आ.व. मा १० % ले हन आउने रकम रु. २ करोड २५ लाख लागतको श्रममूलक रोजगारी लक्षित निर्माण कार्य सबै वडामा प्रारम्भ भई यसै आ.व मा सम्पन्न हुनेछ ।

११. चालु आर्थिक वर्षमा यस नगरक्षेत्र भित्र जम्मा ५.५ कि.मि. सडक कालोपत्रे, ४५ कि.मि सडक ग्राभेल, १ वटा पुल निर्माण, १५ कि.मि पक्की नाली निर्माण गर्ने कार्य सम्पन्न भएको छ भने करिव १२ कि.मि. नयाँ बाटो ट्राऱ्याक खोल्ने कार्य सम्पन्न भएको छ ।

१२. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ६.५ कि.मि.घोरेटो बाटो, ३.५ कि.मि. नँया कृषि सडक, २.५ कि.मि. नँया बाटो निर्माण, १६५ मिटर पक्की नाली निर्माण, १.५ कि.मि. बाटो मर्मत, लगभग ५ कि.मि. कुलो मर्मत, ४७ मि. पर्खाल निर्माण लगायत ड्याम निर्माण गर्ने कार्य सम्पन्न भएको छ ।

१३. यस नगरपालिको रिङ रोडको प्रबेश विन्दु सितलापुर र रातामाटामा गत आ.व.मा खोलिएको करिव १६.५ कि.मि. ट्रयाकको स्तर उन्नती गर्ने कार्य सम्पन्न भएको छ ।

१४. पुराना घरहरुको अभिलेखिकरण खुला गरी घर नक्सा अभिलेखिकरण गर्ने कार्य भएको छ ।

१५. यस कार्यालयबाट प्रवाह गरिने सार्वजनिक सेवाहरु र सेवा प्राप्तिको प्रक्रियाहरुको बारेमा सेवाग्राहीहरुलाई छिटो छरितो जानकारी होस भन्ने उद्देश्यले डिजिटल नागरिक वडापत्र जडान गरिएको छ ।

१६. बर्षेनि सर्पको टोकाईबाट हुने मृत्युदरलाई न्यूनिकरण गर्न निर्माण गरिएको सर्पदंश भवनको निर्माणको कार्य अन्तिम चरणमा रहेको छ।

१७. कोभिड-१९ को सङ्क्रमीत तर अवस्था सामान्य भएका बिरामीहरुको लागि आइसोलेशन केन्द्रको स्थापना गरि अवस्था बिग्रन नदिन स्वास्थ्य सेवा प्रदान गर्ने कार्य भईरहेको छ भने गंभीर बिरामीहरुको लागि अक्सिजन सहितको उपचार सेवा गर्न कोभिड अस्पताल निर्माण तथा संचालन गरिएको छ।

१८. प्रसुती आमा तथा नव शिशु मृत्युदर घटाउन नगरपालिकाको १ नं. वडा र ९ नं. वडामा बर्थिङ सेन्टर थप गर्न भवन निर्माण कार्य भईरहेकोमा प्रथम चरण सम्पन्न भईसकेको छ।

१९. स्वास्थ्य क्षेत्रमा यस देउखुरी क्षेत्रको एक मात्र आशाको केन्द्र बिन्दु लमही अस्पतालमा प्रसुती सेवालाई विस्तार गर्दै शल्य चिकित्सा (CS) विधिबाट प्रसुती सेवा संचालन भएकोले जटिल प्रकारको प्रसुति सम्बन्धीका केशहरुले सहज, सुलभताका साथै समयमै सेवा प्राप्त गर्ने वातावरण सृजना भएको छ।

२०. लमही अस्पतालमा क्षयरोग परीक्षण गर्न विस्तार गरिएको जिन एक्सपर्ट सेवा सुचारु गरि बिरामीहरुलाई जिल्ला बाहिर सेवाको लागि जानुपर्ने बाध्यताको अन्त्य भएको छ साथै समुदायमा क्षयरोग फैलनबाट रोक्न प्रभावकारी सफलता मिलेको छ।

२१. लमही अस्पतालको अस्पताल व्यवस्थापन तथा सञ्चालन समिति गठन भई अस्पताल संचालन तथा व्यवस्थापनमा सहज भएको छ।

२२. हाल बिश्वब्यापी रुपमा बैकल्पिक उपचार पद्धतीको रुपमा बिकास हुदै आएको आयुर्बेद चिकित्सा मार्फत आम नागरिकहरुको बैकल्पिक उपचार सेवा लिन पाउने हक संरक्षणका निमित्त नागरिक आरोग्य केन्द्र स्थापना गरि सेवा सुचारु गरिएको छ।

२३. शिक्षाको क्षेत्रमा बर्षौ देखी हुन नसकेको शिक्षक दरबन्दी मिलान कार्य सम्पन्न गरि राष्ट्रिय मापदण्ड बमोजिम शिक्षक- बिद्यार्थी अनुपात मिलाई शैक्षिक सुधार गर्ने कार्यको थालनी गरिएको छ।

२४. कोभिड १९ बाट भएको शैक्षिक क्षति न्यूनिकरण गर्नका लागि पालिका स्तरीय बिद्यार्थी स्व-अध्ययन सामग्री, बिद्यार्थी अद्ययापन सामग्री तथा अभिभावक मार्ग दर्शन जस्ता अति उपयोगी सामग्रीहरु विकास गरी सबै सामुदायिक बिद्यालयहरुमा वितरण गर्ने कार्य समपन्न गरिएको छ।

२५. बिद्यार्थिहरुको खेल प्रतिभाको संरक्षण, संबद्धर्न र प्रबर्द्धन गरी स्थानीय स्तरमा अनुशासित र सक्षम खेलाडी तयार पार्न पालिकास्तरीय राष्ट्रपति रनिङ सिल्ड सहित बिद्यालय स्तरीय खेलकुद प्रतियोगिता सम्पन्न गरिएको छ।

२६. कक्षा छाड्ने दर घटाई बिद्यालय र पढाई प्रतिको लगाब बढाउन बिपन्न परिवाका २०० बिद्यार्थीहरुलाई स्टेशनरी वितरण गरीनुका साथै बालविकास देखी ५ कक्षा सम्मका बिद्यार्थीहरुको लागि दिवा खाजा कार्यक्रम र कक्षा ६ देखी १२ सम्मका छात्राहरुको लागि स्यानिटरी प्याड वितरण गरिएको छ ।

२७. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत यस नगरपालिकाका ५ वटा सामुदायिक बिद्यालयहरुमा २ कोठे भवन, २ वटा बिद्यालयमा शिक्षामा नविन प्रविधि प्रबर्द्धन, ५ वटा बिद्यालयहरुमा शैक्षिक सामग्री / सिकाई उपलब्धि अभिबृद्धि र १ वटा बिद्यालयमा वास सहितको शौचालय निर्माण गर्ने कार्यक्रमहरु सम्पन्न भएका छन् ।

२८. अमेरिकन एम्बेसी मार्फत संचालन भएको छात्रबृत्ति कार्यक्रम अन्तर्गत ४ वटा सामुदायिक बिद्यालयका ४० जना बिपन्न परिवारका जेहेन्दार बिद्यार्थीहरुलाई अंग्रेजी भाषाको सिप अभिबृद्धि गर्न, कम्प्युटर शिक्षा प्रदान गर्न साथै संस्कृति संरक्षण सम्बन्धी जनचेतना जगाउन प्रति हप्ता ३ दिनका दरले अनलाईन कक्षाहरु अध्यापन भईरहेका छन ।

२९. मुख्य मन्त्री ग्रामिण विकास कार्यक्रम अन्तर्गत ३ वटा बिद्यालयका बालविकास कक्षालाई एक/एक लाख रुपैया बरावरको शैक्षिक सामग्री वितरण र प्राविधिक शिक्षा अध्ययन गर्ने मुक्त कम्लहरी छात्राहरु साथै बिपन्न परिवारका छात्राहरुलाई रु. पाँच लाखको छात्रबृत्ति वितरण गर्ने कार्य सम्पन्न भएको छ ।

३०. आन्तरिक पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउन लमही नगरपालिका वडा नं. ५ ग्रीन पार्कमा भ्यूटावर निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । साथै जखेरा ताल र बगारवावा धार्मिक स्थल रिहार क्षेत्रको नगर गुरुयोजना तयार भई पूर्वाधार निर्माण कार्य भईरहेको छ ।

३१. यस नगरपालिकाको वडा नं. ४ मा अवस्थित बगहिसोतामा, वडा नं. २ को स्यानो नदीमा र वडा नं. ३ को बघधैला खोलामा पक्की पुल निर्माण गर्न बिस्तृत गुरुयोजना तयार भएको छ ।

३२. ज्येष्ठ नागरिकको एकता सँगै जीवन सहज बनाउन नगर स्तरीय ज्येष्ठ नागरिक सञ्जाल गठन भई ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालनको क्रममा छ । नगर स्तरिय अपाङ्गता सञ्जाल गठन, नगर स्तरिय बाल सञ्जाल गठन साथै सवै वडामा वडा स्तरीय ज्येष्ठ नागरिक सञ्जाल, गठन भई वडा नं. ६ र वडा नं. ८ मा ज्येष्ठ नागरिक मिलन केन्द्र समेत सञ्चालनमा आएका छन् ।

३३. हाल सम्म यस लमही नगरक्षेत्र भित्रका विभिन्न किसिमका अपाङ्गता भएका ३५० व्यक्तिलाई अपाङ्गता परिचय पत्र वितरण गरि नगरका तर्फबाट प्रदान गरिने सेवा सुविधामा उनिहरुको पहुँच सुनिश्चित गरिएको छ । साथै हिंसा पीडित महिला तथा

बालबालिकालाई उद्धार गरि सुरक्षित रुपमा राख्न र सहारा दिन मनकामना सहकारी संस्थाको सहकार्यमा सेफ हाउस संचालनमा आएको छ ।

३४. दिसाजन्य लेदोको सुरक्षित, वैज्ञानिक, सुलभ तथा गुणस्तरीय व्यवस्थापनका निम्ति प्रशोधन सम्बन्धी उचित व्यवस्था गर्न Treatment Plant निर्माण कार्यको शुरुवात गरिएको छ ।

३५. प्रदेश सरकारको एक घर एक धारा भन्ने नारालाई सार्थकता प्रदान गर्न WASH प्रोफाइल निर्माण भई सोहि अनुसार आवश्यकता देखिएको स्थानहरुमा खानेपानीको योजना थप तथा बिस्तार गर्न प्रदेश सरकार सँग समन्वय गरि कार्यक्रम अघि बढेको छ ।

३६. राजस्व संकलनमा Online software को प्रयोग भई राजश्व संकलनमा पारदर्शिता कायम गरिनुका साथै यस नगरपालिका मातहतका अस्पताल, स्वास्थ्य चौकीहरु तथा स्वास्थ्य केन्द्रहरुको प्रतिबेदन नियमित Online system मा प्रबिष्ट भएको छ ।

३७. लमही नगरपालिकाको वडा नं. ७ मा स्थापना गरिने औद्योगिक ग्रामको DPR निर्माण कार्य सम्पन्न भएको छ ।

३८. नगर आपत्कालिन कार्य संचालन केन्द्रको स्थापना भई आपत्कालिन अवस्था ब्यवस्थापन गर्न सकिने गरि तयारी अवस्थामा रहेको छ ।

३९. सुरक्षित आप्रवासन (सामी) परियोजना अन्तर्गत रिटर्नी स्वयम सेवक परिचालन, मनोसामाजिक परामर्श सहितको बित्तिय साक्षरता कक्षा संचालन, ब्यक्तिगत मनोसामाजिक परामर्श र बैदेशिक रोजगार सम्बन्धि अभिमुखिकरण तालिम सम्पन्न भएका छन् ।

४०. नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत करिब १,००० जना कामदारहरुले रोजगारी प्राप्त गरेका छन् ।

४१. भूमि सम्बन्धी समस्या समाधान आयोग सँग सहकार्यमा ६ हजार ६२ अब्यवस्थित बसोबासको फारम संकलन र १५ सय १३ भूमिहीन सुकुम्बासी फाराम संकलन कार्य सम्पन्न गरि निस्सा वितरण कार्य समेत पुरा भई जग्गा नापीको तयारीमा रहेको छ ।

४२. यस लमही नगरपालिका भित्रका बेरोजगारको EMIS Entry सम्पन्न भई ति मध्ये करिव २२० भन्दा बढी बेरोजगारहरुलाई लाभग्राही परिचय पत्र वितरण गरी प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनामा रोजगारी दिइएको छ जसबाट परोक्षरुपमा लगभग १७ हजार जनसंख्या लाभान्वित भएका छन ।

४३. लघु उद्यम तथा लघु बित्तमा पँहुच कार्यक्रम मार्फत बिधिन्न किसिमका मध्यम र छोटो अवधिका तालीम संचालन गरि ८७ जना नगरबासीहरुलाई सिप प्रदान गर्ने कार्य सम्पन्न भएको छ ।

४४. पशु सेवा तर्फ बिशेषज्ञ सेवा पद्रान गर्न पशु चिकित्सक मार्फत सेवा प्रवाह गर्ने कार्यको थालनी गरिएको छ । साथै पशु ल्याव संचालनको लागि पूर्वाधार निर्माण गरिएको छ ।

४५. पशु आहारा कार्यक्रम, पशूको लागि खोप सेवा जस्ता कार्यक्रमहरु मार्फत पशु पालनको क्षेत्रलाई टेवा दिने कार्य भएको छ ।

४६. कृषि क्षेत्रमा न्यून लगानीमा अधिकतम लाभ लिन सहयोग पुराउन कृषि यन्त्र उपकरण( पावर टिलर, मकैरोप्ने मेसिन, तरकारी रोप्ने मेसिन, पराल काट्ने मेसिन) बितरण कार्य सम्पन्न गरिएको छ ।

४७. कोभिड-१९ का कारण कृषि व्यवसायमा काम गर्ने मजदुरको अभावलाई न्यूनिकरण गरि व्यवसाय प्रबर्द्धन गर्न कृषि यन्त्र उपकरणहरु( स्प्रेयर, ब्रस कटर, कम्बाइन मिल, कर्न सेलार, मिनि टिलर, मेज पलान्टर,पप्प सेट र वाटर पम्प) बितरण गर्ने कार्य सम्पन्न भएको छ ।

४८. यस नगरपालिका भित्र आन्तरीक तथा बाह्य पर्यटकहरुलाई आकर्षण गर्न लमहीनगर क्षेत्रको पर्यटकीय स्थलहरुको डकुमेन्ट्री भिडियो निर्माण गरिएको छ ।

४९. नगरपालिकाको बिधुतिय सेवाबाट बञ्चित क्षेत्र (वडा नं.१ मा अवस्थित बसन्तपुर र सितलापुर) मा बिधुत प्राधिकरण सँगको सहकार्यमा बिधुत सेवाको बिस्तार भएको छ ।

**आदरणीय नगरसभा सदस्य ज्यूहरु,**

५०. लमही नगरपालिकाले आगामी आ.व. २०७८।०७९ को लागि नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन, दिगो विकासका लक्ष्यहरु, नेपाल सरकारको पन्ध्रौ योजना, प्रदेश सरकारको मार्गदर्शन तथा प्राथमिकताहरु र यस नगरपालिकाको आवश्यकता तथा रणनैतिक योजना समेतलाई आधार मानी कतिपय कानूनी जटिलता, अस्पष्टता, साधन र स्रोतको सिमितताका बावजुद पनि नगरबासीहरुको आशा र अपेक्षाहरुलाई समेट्दै यँहाहरुको चाहना तथा समग्र नगरको आवश्यकता अनुसार तय गरिएका नीतिहरु यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु

५१. विश्वव्यापी महामारीको रुपमा देखिएको कोभिड-१९ का कारण प्रभावित विकासलाई गति दिई संघीय तथा प्रदेश सरकारले अवलम्बन गर्ने नीति अनुरुप कोरोना भाइरसको सङ्क्रमण रोकथाम, नियन्त्रण, प्रतिकार्य र उपचारलाई प्रभावकारी बनाउने, क्वारेन्टिन

व्यवस्थित बनाउने र आधारभूत आवश्यकताका वस्तुको सहज आपूर्तिको व्यवस्था मिलाउदै रोजगारी गुमाएका तथा बेरोजगार व्यक्तिलाई लक्षित गदै कोभिड-१९ को असर न्यून गर्ने गरि रोजगारीका अवसर बढाउने तथा कृषिक्षेत्रको उत्पादन र उत्पादकत्व वढाई आम जनताको जीवनस्तरमा सुधार गर्ने कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने नीति तथा कार्यक्रम लक्षित गरिएको छ ।

५२. कोभिड-१९ को सङ्क्रमण रोकथाम तथा नियन्त्रणको लागि पर्याप्त रकम छुट्याई सो कोषको प्रयोग कोभिड-१९ को बहु-आयामिक असरलाई न्यूनिकरण गर्ने खालका कार्यक्रममा केन्द्रित गरिनेछ ।

५३. कोभिड-१९ को सङ्क्रमणको परीक्षणलाई ब्यापक बनाइनेछ : औषधि, उपकरण र चिकित्सक लगायतका स्वास्थ्यकर्मीहरुको पर्याप्त ब्यवस्था तथा परिचालन गरि कुनै पनि ब्यक्तिको ज्यान जाने अवस्था आउन नदिन स्थानीय सरकार दृढतापूर्वक लागीपर्ने छ ।

५४. आगामी आर्थिक बर्ष स्वास्थ्य संस्थाहरुको स्तरोन्नति, पूर्वाधार विकास, जनशक्ती ब्यवस्था र सेवाको समतामूलक पँहुच एवं गुणस्तरमा बृद्धि गरिने छ ।

५५. नगर स्वास्थ्य केन्द्रहरु र स्वास्थ्य चौकीहरुमा औषधि उपकरणको अभाव हुन नदिई त्यस्ता संस्थाबाट प्रदान गरिदै आएको स्वास्थ्य सेवा थप गुणस्तरीय बनाउने नीति अवलम्वन गरिनेछ । गरिव, सिमान्तकृत तथा पछाडि परेका समुदायहरुमा आवश्यकताका आधारमा स्वास्थ्य सेवाको विस्तार गरिने छ ।

५६. सम्पूर्ण नागरिकहरुलाई स्वास्थ्य बिमामा समेट्ने गरि कार्यक्रम अघि बढाईने छ

५७. संघीय सरकारको **निरोगी नेपाल निर्माण** भन्ने मुल स्वास्थ्य नीति लाई आत्मसाथ गर्दै यस लमही नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुमा क्रमशः कम्तिमा १ जना MBBS डाक्टर सहित प्रयोगशाला सेवा संचालन गर्ने नीति अवलम्वन गरिने छ ।

५८. देउखुरी उपत्यकामा रहेको एक मात्र अस्पताल, लमही अस्पताललाई थप सेवामुखी, श्रोत साधनयूक्त बनाउन ५० शैयाको अस्पतालमा रुपान्तरण गर्न लुम्बिनी प्रदेश सरकार संग समन्वय गरिने छ । साथै दक्ष चिकित्सक र स्वास्थ्य सामग्री व्यवस्था गरी माइनर अपरेशन सेवाको सुरुवात, आकस्मिक स्वास्थ्य सेवा, प्रयोगशाला सेवा, सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य सेवा, बहिरंग र अन्तरंग सेवालाई थप गुणस्तरीय बनाई नागरिकको स्वास्थ्य सेवा र औषधी उपचार कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

५९. लमहीमा सर्पदंश उपचार केन्द्र सेवा संचालनको लागि संघीय सरकार तथा प्रदेश सरकारको सहकार्यमा पर्याप्त औषधि, उपकरण तथा जनशक्ति व्यवस्था गरिनेछ । साथै

प्रदेश सरकारको सहयोगमा लमहीमा निर्माण हुन लागेको ट्रमा सेन्टर भवन निर्माणको लागि आवश्यक सहजीकरण र समन्वय गरिनेछ ।

६०. स्वास्थ्य संस्थामा नै सुत्केरी हुने दर बढाई मातृ तथा नवशिशु स्वास्थ्य र पोषण स्थितीमा सुधार ल्याउन स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउने आमाहरुलाई थप प्रोत्साहनको व्यवस्था गरिने छ ।

६१. विगत वर्ष देखि सञ्चालित जेष्ठ नागरिक, अल्पसंख्यक, मुक्त कमलरी, ५ वर्ष मुनिका बालबालिकाहरु र महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई उपलव्ध गराउदै आएको निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमलाई निरन्तरता दिई थप व्यवस्थित बनाइने छ ।

६२. सुत्केरी आमा संग उपमेयर कार्यक्रमलाई निरन्तरता दिदै सुत्केरी अवस्थामा पोषणयुक्त खानाको महत्व दर्शाइ, पोषणयुक्त खानाखाने बानीको विकास गर्न लमही नगरपालिका क्षेत्र भित्रका सुत्केरी आमालाई पोषण खाद्य सामग्री हस्तान्तरण सम्वन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६३. थारु समुदायमा देखिने सिकलसेल एनेमियाका विरामीहरुको उपचारको प्रवन्ध र यस सम्वन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ । साथै लक्षित समुहमा निशुल्कः जुका तथा अन्य परिजिवी परीक्षण र हेमोग्लोबिन परीक्षण शिबिर संचालन गरिनेछ ।

६४. स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन साथै शव व्यवस्थापनमा सहजता ल्याउन एम्बुलेन्स र शव बहानको संख्यामा बृद्धि गरिने छ ।

६५. स्वास्थ्य सेवामा संलग्न कर्मचारी तथा स्वास्थ्यकर्मीको मनोबल बृद्धि गर्दै भौतिक तथा पेशागत सुरक्षा सुनिश्चित गरिने छ ।

६६. **हाम्रो स्वास्थ्य, हाम्रै हातमा** भन्ने नारा लाई जनस्तर सम्म पुर्‍याउन योग शिविर, पन्चकर्म जस्ता कार्यक्रम संचालन गरि रोग प्रतिरोधात्मक क्षमता बढाउने तथा विकार निर्मूलपार्न आयूर्वेद सेवालाई बढावा दिईनेछ ।

६७. स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिका कार्यहरु थप प्रभावकारी बनाइनुका साथै स्वास्थ्य संस्थाको नियमित अनुगमन गरी स्वास्थ्यकर्मीको मनोवल तथा क्षमता बढाउन समयानुकूल तालिम संचालन र सुशासन कायम गर्ने कार्य लाई प्राथमिकता दिइनेछ । स्वास्थ्य सुचना प्रणाली तथा आपुर्ति व्यवस्थापनलाई थप व्यवस्थित गर्न सम्पूर्ण स्वास्थ्य संस्थाहरुवाट अनलाईन प्रतिवेदन प्रविष्ट गर्ने व्यवस्था मिलाइनुका साथै समिक्षा प्रणालीलाई थप व्यवस्थित बनाइने छ ।

६८. नसर्ने रोगहरुको पहिचान परीक्षण र उपचारका कार्यक्रमहरु प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी थप प्रभावकारी बनाइने छ ।

**नगरसभा सदस्य ज्यूहरु,**

६९. अब म भविश्यप्रति आशावान, सभ्य, शु-संस्कृत, प्रतिस्पर्धी र आत्मविश्वासी नागरिक बनाउने साथै भविश्यका कर्णधार तयार गर्ने शिक्षा क्षेत्रको नीति प्रस्तुत गर्न चाहान्छु ।

७०. **हाम्रो विद्यालय, राम्रो विद्यालय** अभियानमा सरोकारवालाहरु तथा समुदाय सँग हातेमालो गरी अगाडि बढने नीति लिइनेछ । साथै शिक्षा क्षेत्रका योजना तथा कार्यक्रमहरु र नगर क्षेत्रका शैक्षिक धरोहरहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने क्षमतावान जनशक्ति तयार पार्ने तर्फ लक्षित बनाइनेछ ।

७१. नगरपालिका क्षेत्र भित्रका विपन्न, अपांग तथा असहाय बालबालिकाहरुलाई उच्च प्राथमिकता दिदै छात्रवृत्ति लगायत अन्य सकारात्मक शैक्षिक वातावरण सृजना गरी शैक्षिक गुणस्तर सुधार गरिनेछ ।

७२. **दक्ष शिक्षक, नियमित विद्यार्थी ; प्रभावकारी शिक्षण गुणस्तरीय सिकाई** को लक्ष्य हासिल गर्न विद्यालयको शैक्षिक वातावरण, शिक्षक र विद्यार्थीको उपस्थिति, अन्तरविद्यालय परीक्षा केन्द्र र परीक्षण पद्धति जस्ता कार्यनीति अवलम्बन गरिनेछ । साथै शिक्षकको क्षमता विकासमा सघाउ पुऱ्याउने खालका कार्यक्रम संचालनमा विशेष जोड दिइनेछ ।

७३. समुदायिक बिद्यालयका बालविकास केन्द्रहरुको स्तरोन्नति गरी वडास्तरबाटै नमूनायोग्य कार्य गर्न प्रोत्साहित गरीनुका साथै निम्न बेतनधारी बालविकास केन्द्रमा कार्यरत सहजकर्ताहरु, बिद्यायल कर्मचारी र कार्यालय सहयोगीहरुको योगदानलाई उचित मूल्याङ्कन गर्दै संघीय सरकारबाट प्रस्तुत भएको बजेट बक्तब्यमा तोकिएको मापदण्ड अनुसार बालबिकास सहयोगी कार्यकर्तालाई स्थानीय तहबाट थप गरिने तलब बराबरको रकम माथी उल्लेखित सबै समुहलाई थप गर्ने नीति अवलम्वन गरिनेछ ।

७४. यस नगरक्षेत्र भित्रका विद्यालयहरुमा शिक्षक दरबन्दी मिलान गरी विद्यार्थी संख्या न्युन भएका विद्यालयहरुलाई भौगोलिक अवस्थिति र भौतिक पूर्वाधारहरुको आँकलन गरि एक आपसमा स्थानान्तरण वा गाभ्ने नीतिलाई निरन्तरता दिइनेछ ।

७५. विद्यालय शिक्षाको आधार प्रारम्भिक कक्षाहरुलाई बालमैत्री बनाउन छापामय कक्षाकोठा, तालिम प्राप्त शिक्षक र आधारभुत शैक्षिक सामग्रीहरुको व्यवस्था मिलाइनेछ ।

७६. शैक्षिक अनुदानको कार्यक्रमलाई विद्यार्थी शिक्षक अनुपात, कार्य सम्पादन र विद्यालय सुधार योजना आदिका माध्यमबाट न्यायोचित ढंगले सम्बोधन गर्ने नीति लिइने छ ।

७७. लमही नगरपालिका, नीजि क्षेत्र र सामाजिक क्षेत्रको संयुक्त सहभागितामा बहुप्राविधिक शिक्षालय स्थापना र संचालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ साथै नगर क्षेत्रका शैक्षिक गुणस्तर, सरसफाई एवं व्यवस्थापकीय दृष्टिले उत्कृष्ट रहेका विद्यालय, बिद्यार्थी, शिक्षक, बिद्यालय कर्मचारी र सहयोगी कार्यकर्ताहरुलाई छनौट गरि पुरस्कृत तथा सम्मान गरिनेछ ।

७८. कोभिड-१९ को कारण पठनपाठनमा सिर्जना भएको अवरोधलाई दृष्टिगत गरि वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाई सहजीकरणका लागि समसामयिक यथोचित पहल गरिनेछ । साथै, सामुदायिक तथा संस्थागत विद्यालयका बिच देखिएको उपलब्धिको खाडललाई कम गर्न सिकाई हस्तारण कार्यक्रमलाई अगाडी बढाइनेछ ।

७९. नगर शिक्षा योजना, नगर शिक्षा ऐन तथा स्थानीय पाठ्यक्रम तयार गरि कार्यान्वयनमा लैजानुका साथै शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अनुगमनलाई थप व्यवस्थित र बैज्ञानिक बनाउन Clinical Supervision जस्ता साधनहरुको अवलम्वन गरिनुका साथै विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोग गरि शैक्षिक व्यवस्थापनलाई चुस्त दुरुस्त पारिनेछ ।

८०. चिकित्सा शिक्षा (MBBS) अध्ययन गर्ने नगर क्षेत्रका विपन्न, जेहेन्दार तथा कमजोर आर्थिक स्थिति भएका मध्येबाट १ (एक) जना विद्यार्थीलाई अध्ययन अवधिभरको लागि सामाजिक संघ सस्था तथा नीजि क्षेत्रको सहकार्यमा निश्चित प्रतिशत रकम छात्रवृत्ति प्रदान गरिनेछ ।

८१. **युवाको लागि खेलकुद ; स्वास्थ्यको लागि खेलकुद** भन्ने नारालाई आत्मसात गर्दै राष्ट्रपति रनिङ शिल्ड, मेयर कप खेलकुद, बिद्यालय स्तरीय खोलकुद प्रतियोगिता एवं अन्य खेलकुद प्रतियोगिता आयोजना गरी युवा तथा बिद्यार्थीहरुमा प्रतिभाको संरक्षण, सम्बर्द्धन गरी राष्ट्र निर्माण एवं विकासमा खेलाडिहरुको भुमिकालाई सवल, सक्षम एवं प्रभावकारी बनाउने नीति लिइनेछ ।

८२. कोभिड-१९ का कारण शिक्षा क्षेत्रमा सृजना भएको अवरोधलाई दृष्टिगत गरी बैकल्पिक प्रणालीबाट बिद्यार्थीहरुको सिकाई सहजीकरणका लागि समसामयिक यथोचित पहल गरिने छ । साथै सामुदायिक तथा संस्थागत बिद्यालयका बीच देखिएको उपलब्धिको खाडललाई कम गर्न सिकाई हस्तान्तरण कार्यक्रमलाई अगाडी बढाइने छ ।

८३. जीवन पर्यन्त शिक्षालाई निरन्तरता दिन सामुदायिक सिकाई केन्द्रहरुलाई अनुदान उपलब्ध गराउदै प्रविधि मैत्री साक्षरता जस्ता कार्यक्रम संचालन गर्ने नीति लिइने छ ।

८४. बिद्यालयस्तरमा विज्ञान शिक्षालाई प्रभावकारी र रुचिकर बनाउन बैज्ञानिक सिकाइ विधिमा जोड दिइनेछ ।

८५. पाँच बर्षमुनिका बालबालिकाको सर्वाङ्गीण विकासका लागि प्रारम्भिक बालविकास कार्यक्रमलाई प्राथमिकतामा राखीने छ ।

**नगरसभा सदस्य ज्यूहरु,**

८६. कृषिलाई आयमूलक, आधुनिक र मर्यादित पेसा तथा उत्पादनशील ब्यवसायको रुपमा विकास गरिनेछ । महिला सहकारी समूहहरु तथा अर्ध बेरोजगार र बैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई कृषि ब्यवसयामा आकर्षित गरिनेछ ।

८७. कृषिमा आधुनिकरण भित्राउदै समुह, सहकारी तथा एकल रुपमा हरेक किसानलाई कृषिको ब्यावसायीकरणमा आत्मनिर्भर बनाउन बैज्ञानीकरण तथा बिबिधीकरण गरिनेछ ।

८८. श्रम शक्तिको अभावलाई सम्वोधन गर्दै आवश्यक ज्ञान, सीप, प्रविधि र लगानीको वातावरण सिर्जना गरी कृषि यान्त्रीकरणमा विशेष जोड दिईने छ ।

८९. कृषि उत्पादन तथा उत्पादकत्व बढाउका लागी कृषकहरुलाई ५० प्रतिशत अनुदानमा कृषि उत्पादन सामग्री  तथा कृषि औजार उपकरणमा अनुदान दिइनेछ ।

९०. बास्तविक कृषकलाई सरल ढंगले उत्पादनमा अनुदान उपलब्ध गराउने नीति लिइनेछ । कृषकहरुलाई अनुदानित बिउ तथा मल र नबीनतम आय र बचत बृद्धि गरी लागानीको आधार सबल बनाइनेछ । सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रमा लागानी गरी उत्पादन मूलक र उच्च प्रतिफलयुक्त कार्यक्रम तथा आयोजनाहरुलाई प्राथमिकतामा राखिनेछ ।

९१. सिंचाईको अभाव भएका क्षेत्रमा सुख्खा सहन सक्ने बालीको खेती गर्न कृषकहरुलाई प्रोत्साहन गरिनेछ साथै सिंचाई व्यवस्थापन गर्न आकाशे पानी संकलनका लागी विभिन्न कार्यक्रम तथा उपयूक्त प्रविधिको प्रयोग गरी सहजता ल्याईनेछ ।

९२. **एक गाउँ एक उत्पादन** कार्यक्रम अन्तर्गत बालीको व्यावसायिक उत्पादन हुने क्षेत्रलाई चक्लावन्दीको रुपमा स्थापित गरी पकेट तथा ब्लक क्षेत्र घोषण गरी कृषकलाई एकीकृत सेवाहरु सर्वसुलभ रुपमा प्रदान गरिनेछ ।

९३. नगरपालिकालाई खाद्यान्न वाली र आलुको वीउमा आत्मनिर्भर बनाउन **नगरबीउ आत्मनिर्भर** कार्यक्रम संचालन गरिनेछ ।

९४. कृषिक्षेत्रलाई हाल सम्म बिकल्प बिहिन  पेशाको रुप हेर्ने दृष्टिकोणलाई परिबर्तन गरि जीवनमुखी र प्रतिष्ठित ब्यवसायको रुपमा विकास गर्ने नीति अवलम्बन गरिने छ ।

९५. कम समयमा तयार हुने र उच्च मूल्य प्राप्त गर्न सकिने च्याउ खेती मार्फत विपन्न वर्ग र महिलाहरुको आयस्तर वृद्धि गर्ने तर्फ केन्द्रित गरिनेछ ।

९६. माटोको उर्वराशक्ति दिगो रुपमा कायम राख्नका लागी र सन्तुलित मात्रामा मलखादको प्रयोगमा जोड दिनका लागी माटो परिक्षण सेवा संचालन गरिनेछ साथै रोग तथा किरावाट वालीमा हुने नोक्सानी न्यूनीकरण गर्न बाली संरक्षण सेवालाई प्रभावकारी तरिकाले अगाडी बढाईनेछ ।

९७. स्थानीय मौलीक खाद्यान्न, फलफूल, तरकारीबालीहरु, पशुपन्छीपालन तथा मत्स्यपालनको उत्पादनमा टेवा पुराउदै बजार व्यवस्थापन गर्ने र बजार क्षेत्रदेखि टाढा रहेका कृषकहरुको उत्पादनलाई बजारको पहुँच पुऱ्याउन ढुवानीमा अनुदान दिईनेछ ।

९८. नगरपालिकालाई दुग्धजन्य र पशुजन्य पदार्थहरुका आत्मनिर्भर बनाउन बिभिन्न किसिमका मिसन कार्यक्रमहरु संचालनमा ल्याइने छ ।

९९.उत्पादित तरकारीहरुको संकलन केन्द्र वडा नं.६बलरामपुर र वडा नं.२ केरुनियामा स्थापना गरि बजार व्यवस्थापन कार्यलाई टेवा दिइनेछ ।

१००. पशुपन्छी पालनमा बढ्दो महिला सहभागिता र महिला किसान सशक्तिकरणलाई केन्द्रित गर्दै ब्यावसायिक महिलामुखि कार्यक्रमहरु संचालन गरिने छ ।

१०१. प्राकृतिक बरदानका रुपमा रहेका भू-धरातल, जलबायु र जैविक बिबिधताको अधिकतम उपयोग गरि अर्गानिक र उच्च मूल्यका कृषि बस्तुको ब्यवसायिक उत्पादन गर्न कृषकहरुलाई प्रोत्साहन गरिने छ ।

१०२. पशुपन्छि बिशेष उत्पादन क्षेत्र तोकी त्यस्ता क्षेत्रमा आवश्यक पूर्वाधारको विकास गरी नश्ल सुधार, पशु आहारा, पशु सेवा, पशु स्वास्थ्य, सुलभ ऋण, बिमा सहितको प्राविधिक सेवा प्रदान गरिने छ ।

**१०३.** दुग्ध जन्य पदार्थ एवं मासुको गुणस्तर र स्वच्छतालाई कायम राख्न **बधशाला देखी भान्छा सम्म स्वच्छ र स्वस्थ मासु, तथा गोठ देखी ओठ सम्म स्वच्छ र स्वस्थ दुध** कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिने छ ।

**१०४.** नश्ल सुधारका कार्यक्रम संचालन गरी उन्नत नश्लका ब्यवसायिक पशुपन्छी पालनका लागि कृषकहरुलाई प्रोत्साहन गरि उन्नत नश्लका पशुहरुको संख्यामा बृद्धि गरिने छ । पोषणयुक्त पशु आहाराको उत्पादन र प्रबर्द्धन गरिने छ ।

**१०५.** पशुजन्य उत्पादनको गुणस्तर नियन्त्रण तथा नियमन गरी बजार ब्यवस्थापनमा सहजीकरण गरिनेछ । गुणस्तरीय पशु स्वास्थ्य सेवा बिस्तार गरिनेछ । पशु रोगबिरुद्ध खोप

कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ । पशु रोगहरुको निदान र रोकथामको लागि प्रयोगशाला सेवाको सुदृढीकरण र बिस्तार गरिनेछ ।

**आदणीनय नगरसभा सदस्य ज्यूहरु,**

१०६. संस्कृति संरक्षणका लागि समुदायमा आधारित होमस्टे संचालन तथा प्रबर्द्धनका लागि क्षमता अभिबृद्धि, पूर्वाधार विकास र पँहुच विस्तार जस्ता कार्यक्रम संचालन गरिने छ ।

१०७. यस नगरपालिकाको वडा नं. १ मा पर्ने बसन्तपुर, सितलापुर जस्ता पहाडी क्षेत्रमा अत्याधुनिक हिल स्टेशन, रोप वेय निर्माण र पर्यटकीय सेवा सुबिधा भएका होटल तथा रिसोर्टका पूर्वाधार विकास गर्न निजी तथा सामुदायिक क्षेत्रलाई प्रोत्साहित गरिने छ ।

१०८. आन्तरिक तथा बाह्य पर्यटक भित्राउन सहयोग पुग्ने खालका पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण र विकास गरिने छ ।

१०९. बिभिन्न पर्यटकिय स्थानको पूर्वाधार निर्माण गरी मनोरन्जनात्मक वातावरणको विकास गरिने छ ।

११०. यस नगरपालिका भित्रका जातिगत पर्व, बाजा, संस्कार, भेषभुषा र संकृति संरक्षणको लागि संग्राहलयको निर्माण गर्ने नीति अवलम्बन गरिने छ ।

१११. पर्यटकको उचित सेवा, सत्कार र सुरक्षा प्रबन्ध सहितको पर्यटकिय आवास व्यवस्थापन गर्न होटलहरुको न्यूनतम सेवा र गुणस्तर मापदण्ड निर्धारण गरिने छ ।

११२. स्थानीय स्रोत साधनको उपयोग गरी कृषि तथा गैर कृषि उत्पादन, प्रशोधन, रोजगारी सिर्जना र स्थानीय समृद्धिको आधारको रुपमा लघु, घरेलु, साना तथा मझौला उद्यमहरुलाई अभियानको रुपमा बिस्तार गर्न अभिप्रेरित गरिने छ ।

११३. बेरोजगारहरुको तथ्यांक अभिलेख ब्यवस्थापन गरि स्वरोजगार तथा सीपमुलक कार्यक्रम कार्यान्वयनमा जोड दिइने छ ।

११४. आर्थिक विकासलाई टेवा पुराउने ब्यवसाय तथा कल-कारखानाको स्थापना र संचालनमा प्रोत्साहन गरिने छ ।

**नगरसभा सदस्य ज्यूहरु,**

११५. लमही नगरपालिका क्षेत्र भित्र रहेका सहकारी संघ संस्थाहरुको संचालन प्रक्रियालाई व्यवस्थित, गुणस्तरीय र पारदर्शी बनाउदै सहकारी क्षेत्रको विकास प्रर्वद्धनका लागि तालिम, क्षमता विकास, अनुगमन तथा नियमनमा विशेष जोड दिइनेछ । स्थानीय उत्पादन वृद्धि, रोजगारी सिर्जना, सामुहिक हित र आर्थिक उपार्जन गर्न सहकारी क्षेत्रको प्रर्वद्धन गरिनेछ ।

११६. सहकारीको माध्यम वाट पुँजिको अधिकत्तम परिचालन गरी सो पुँजिलाई उत्पादनमा केन्द्रित गरिनेछ । वास्तविक सेवा प्रयोग कर्तामा सहकारीको सदस्यता विस्तार गर्ने नीति व्यवहारमा उतार्नुको साथै सहकारी शिक्षा, सूचना र तालिममा आम नागरिकको पहुँच सुनिश्चित गरिनेछ ।

११७. सहकारी संस्थाहरुलाई कृषि, दुग्धजन्य पदार्थ, माछापालन जस्ता कम खर्चमा बढि फाइदा दिने उत्पादनमूलक कार्यमा लक्षीत हुन जोड दिइनेछ । साथै सहकारीमा बचत गराई उद्यमीलाई सहज तरिकाले कर्जा उपलब्ध गराउन प्रोत्साहित गरिनेछ ।

११८. स्थानिय स्रोत र कच्चा पदार्थ, सीप श्रम र प्रविधिको उपयोग गर्ने गरी उद्योग प्रवर्द्धन गर्न विशेष जोड दिइनेछ । साथै लगानी मैत्री तथा प्रतिस्पर्धी औद्योगिक वातावरण बनाई औद्योगिक वस्तुको उत्पादन र रोजगारीका अवसरहरु अभिवृद्धि गर्ने नीति लिईने छ ।

११९. नगरपालिका भित्र रहेका सहकारी संस्थाहरुको संचालन अनुमति, नियमन, बिस्तार, प्रशिक्षण जस्ता कार्यक्रमहरु संचालन गरि आर्थिक विकासको क्षेत्रलाई परिस्कृत गरिने छ ।

१२०. स्थानीय सहकारीहरुलाई बिधि सम्मत ढंगबाट संचालन गर्न र नियमन गर्न सूचना प्रविधिमा आधारित एकिकृत तथ्यांक निर्माण र अध्यावधिक गरिने छ ।

१२१. लमही नगरपालिका क्षेत्र भित्र गरिने व्यापार व्यवसायलाई स्वच्छ प्रतिस्पर्धी बनाउन प्रोत्साहन गरिनेछ । साथै नियमित बजार अनुगमन गरी उपभोक्ता हित संरक्षण गरिनेछ ।

१२२. सम्भावित वडाहरु पहिचान गरी साना तथा मझौला उद्योग स्थापना गर्ने नीति लिईनेछ । साना तथा घरेलु साथै हस्तकला सीप प्रयोग हुने खालका उद्योग प्रवर्द्धन गरी स्थानीय श्रम तथा सीपलाई रोजगारमुखी बनाईनेछ ।

१२३. लैङ्गिक समानता तथा समाबेशीकरण र दलित एवं बाल विकासका लागि सचेतनामूलक कार्यक्रम संचालन गरिने छ ।

१२४. आर्थिक सामाजिक रुपले बिपन्न वर्ग तथा समुदायको उत्थानको लागि आय आर्जन गरीबी न्यूनीकरण, रोजगारी प्रबर्द्धन जस्ता कार्यक्रमलाई बिशेष प्राथमिकताका साथ अगाडि बढाइने तथा त्यस्ता वर्गलाई यस नगरपालिकामा सुचिकृत गरी कामका लागि पारिश्रमिकमा आधारित श्रममुलक सामुदायिक योजनाहरु संचालन गरी सार्वजनिक पूर्वाधारको विकास निर्माण सगै सामाजिक संरक्षणको प्रत्याभूति गराइने छ ।

१२५. संघ तथा प्रदेशले ल्याएको रोजगारमुलक कार्यक्रमहरुमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र बिस्तार गरिने छ । नगरपालिकाबाट संचालन हुने आयोजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार ब्यक्तिहरुलाई पहिलो प्राथमिकता दिइने छ ।

१२६. रोजगार सेवा केन्द्र संचालन तथा ब्यवस्थापनलाई थप प्रभावकारी बनाईने छ ।

१२७. सामाजिक सुरक्षा तथा ब्यक्तिगत घटनादर्ता प्रणाली सुदृढीकरण आयोजनाबाट यस नगरपालिकामा संचालन हुने कार्यक्रमहरु संचालन गर्न आवश्यक रकम बिनियोजन गरिने छ ।

**आदरणिय नगरसभा सदस्य ज्यूहरु,**

१२८. आगामी आर्थिक वर्षमा यस नगरका सम्पूर्ण भुमिहिन सुकुम्बासीहरुको जग्गा नापी गरी लालपुर्जा बितरणको प्रक्रियालाई प्रथमिकताका साथ अघि बढाइने छ ।

१२९. छुवाछुत बिरुद्धका बिभिन्न कार्यक्रम तथा अभियान संचालन गरि यस नगरपालिकालाई छुवाछुत मुक्त नगरपालिकाको रुपमा रुपान्तरण गरिने छ ।

१३०. विपन्न असहाय, यौन दुर्व्यवहार र घरेलु हिंसामा परेको महिलाहरुका लागि अल्पकालिन सेवा केन्द्र, मनोविमर्शको ब्यवस्थापन र आयआर्जनको लागि आर्थिक सहयोगको साथै पारिवारिक पुर्नमिलन सम्वन्धि कार्यक्रमहरु संचालन गरिनेछ । समाजमा रहेका सामाजिक विभेदलाई न्यूनिकरण गर्न लैङ्गिक विभेद र हिंसाका घटनाहरु सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रम संचालन गरिने छ ।

१३१. अपाङ्गता परिचयपत्र बितरण कार्यलाई बिधुतीय प्रविधीमा अभिलेख राखी व्यवस्थित गरिने छ । घुम्ती नगर शिविर सेवा मार्फत अपाङ्गता भएका सवै व्यक्तिहरुलाई घर दैलोमा परिचय पत्र वितरण गर्ने ब्यवस्था मिलाईने छ ।

१३२. अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामग्री वितरण गरि दैनिक जिवन यापनको लागि सहज बनाउन सहयोग गरिनुका साथै ग र घ वर्गिकरणका अपाङ्गता भएका व्यक्तिहरुका लागि मार्फत सचेतना मुलक, स्वोरोजगार तथा  सिपमुलक ब्यवसाय प्रबर्द्धन कार्यक्रम मार्फत  आत्मनिर्भर बनाइने छ ।

१३३. अति विपन्न असाहाय, सामाजिक सुरक्षा भत्ताबाट वञ्चित रहेका र आर्थिक अवस्था कमजोर भई नागरिकता समेत बनाउन नसकेका जेष्ठ नागरिकलाई जेष्ठ नागरिक सेवा शिविर मार्फत अत्यावसकीय सेवा उपलब्ध गराई आत्मसम्मान अभिबृद्धि गर्नि छ ।

१३४. जेष्ठ नागरिकहरुलाई संबिधान प्रदत्त सेवाहरुमा सहज र सरल पहुँच पुऱ्याउन सरोकारवालाहरुसंग को सहकार्यमा जेष्ठ नागरिक लक्षित कार्यक्रम संचालन गरिने छ ।

१३५. विपन्न असहाय,यौन दुर्व्यवहार,  घरेलु हिंसा तथा बालश्रम शोषणमा परेका बालबालिकाहरुका लागि अल्पकालिन सेवा केन्द्र, मनोसामाजिक विमर्शकर्ता र आय उपार्जनको लागि आर्थिक सहयोगको व्यवस्था गरी  बालश्रम मुक्त वडा तथा नगरपालिकाको रुपमा घोषणा गरिने छ ।

१३६.	असहाय बालबालिकाहरुको उज्यालो भविश्य निर्माण गर्न पारिवारिक पुर्नमिलन तथा सरोकारवाला निकायहरुसँग समन्वय गरि व्यवस्थापन गर्न पुर्स्थापना केन्द्र संचालन गरिने छ ।

**आदरणीय नगरसभा सदस्य ज्यूहरु,**

१३७.	**सफा घर, स्वच्छ शहर** भन्ने नारालाई आत्मसात गर्दै टोल विकास संस्थाहरुको सक्रियतामा पूर्ण सरसफाईका कार्यक्रमहरु संचालन गरिने छ ।

१३८.	विपद जोखिम न्यूनीकरण तथा ब्यवस्थापनका लागि नगरपालिकामा स्थापित आपत्कालिन कार्य संचालन केन्दलाई आधारभूत स्रोतसाधन सम्पन्न बनाईनेछ । सबै वडा कार्यालयहरुमा विपद ब्यवस्थापनका आधारभूत सामग्री भण्डारणको ब्यवस्था मिलाई विपद्को समयमा राहत तथा उद्धारलाई सहज बनाउन आवश्यकता अनुसार हेलिप्याड निर्माण गरिनेछ ।

१३९.	बिपद जोखिम न्यूनीकरण तथा ब्यवस्थापनको क्षेत्रमा उत्कृष्ट कार्यसम्पादन गरेका अन्य सरकारी, गैरसरकारी निकायसंग समन्वय तथा सहकार्य गरी समानान्तर सिकाइको अवधारणालाई ब्यवहारमा उतारिने छ । यसको लागि अन्तर निकाय समन्वयको कार्यलाई बलियो बनाइनेछ ।

१४०.	वातावरण, सरसफाई तथा विपद् व्यवस्थापनका क्षेत्रमा उदाहरणीय कार्य गर्ने ब्यक्ति, संस्था र टोलबिकास संस्थालाई पुरस्कृत र प्रोत्साहन गरीने छ ।

१४१.	बिपदका घटनाहरुको सूचना प्राप्ति तथा सम्प्रेषण ब्यवस्थापनका लागि रेडियो रुमको स्थापना गरिने छ ।

१४२.	दिसाजन्य लेदो ब्यवस्थापनको लागि प्रशोधन प्रविधि (Treatement Plant) स्थापना गर्ने कार्य सम्पन्न गरि घोषित खुला दिसा मुक्त क्षेत्रलाई दिगो ब्यवस्थापन गरिने छ ।

१४३.	**मेरो फोहर, मेरो जिम्मेवारी** भन्ने भावना हरेक नगरवासीमा जागृत गराउन फोहरमैला ब्यवस्थापन सम्बन्धी सचेतनामुलक कार्यक्रमहरु संचालन गरिने छन् । लमही नगरक्षेत्रबाट उत्सर्जन हुने फोहर व्यवस्थापनको लागि स्थायी ल्याण्ड फिल साइट निर्माण गरिनेछ ।

१४४.	नगरपालिका भित्र फोहर संकलन गर्दा स्रोतमा नै फोहर बर्गिकरण गर्न नगरवासीहरुलाई प्रोत्साहित गरिने छ । Recycle, Reuse and Reduce को अवधारणालाई व्यवहारमा ल्याउन सचेतनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

१४५.	तोकिएको भन्दा बाहेक अन्य स्थानमा पार्किङ्ग गर्ने, फोहर ब्यवस्थापनका लागि सार्वजनिक सवारी साधनमा डष्टबीन नराख्ने, फुटपाथमा र सडकमा निर्माण सामग्री राख्ने, सतही

ढलमा शौचालयको ढल मिसाउने लगायतका वातावरण बिगार्ने जस्ता गतिबिधि निरुत्साहित गरिनेछ । प्लाष्टिकजन्य सामग्रीहरुको प्रयोगलाई न्यूनिकरण र निरुत्साहित गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिने छ ।

१४६. प्रदेश सरकारको **एक घर, एक धाराको** नीतिलाई आत्मसात गर्दै लमही नगरवासीको खानेपानीमा पहुँच अभिवृद्धि गर्न खानेपानी तथा सरसफाई सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।

१४७. नेपाल सरकारको स्वच्छ नेपाल अभियानलाई आत्मसात गर्दै यस नगरक्षेत्र भित्रका राजमार्गको निश्चित दुरीमा खानेपानी सहित शौचालयको व्यवस्था गरिनेछ ।

१४८. निजी क्षेत्रको साझेदारीमा वातावरणमैत्री प्रबिधिमा आधारित फोहर प्रशोधन पलान्ट स्थापना गर्न प्रक्रिया अगाडी बढाईने छ ।

१४९. बिपदको अवस्थामा तत्काल उद्धार तथा सुरक्षित वासस्थानको लागि लागि आश्रय घरको निर्माण गरिने छ ।

१५०. प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपबाट प्रभावीतहरुलाई तत्काल राहत, औषधोपचार, खानपान, लत्ताकपडा जस्ता अत्यावश्यक सामग्रीको सुनिश्चितताका लागि पूर्वतयारी गरिने छ । बिपद व्यवस्थापन कोषको बृद्धिका लागि सार्वजनिक, निजी र गैरसरकारी संस्थाहरु सँग समन्वय गरिने छ ।

१५१. स्थानीय वातावरण सम्बन्धी कानून वातावरणमैत्री नीति तथा कार्यक्रम कार्यान्वयन भई वातावरणमैत्री स्थानीय शासनका पूर्वाधार पुरा गरी वातावरणमैत्री स्थानीय तह घोषणा गर्न पहल गरिने छ ।

१५२. वातावरण संरक्षण तथा प्रबर्द्धन संग सम्बन्धित कार्यक्रमहरुमा टोल विकास संस्था, निजी क्षेत्र र गैर सरकारी संस्थाको सहभागितामा योजानाहरु कार्यान्वयन गरिने छ ।

**नगरसभा सदस्य ज्यूहरु,**

१५३. संघीय सरकारको नीति अनुरुप राष्ट्रिय भवन संहिता र भवन निर्माण मापदण्ड कार्यान्वयन गर्न क्षमता अभिबृद्धि गरिने छ ।

१५४. पालिका भित्र भवन निर्माण गर्दा शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७२ को पूर्ण पालनामा जोड दिईने छ ।

१५५. नगरक्षेत्र भित्र संचालनमा रहेका टेम्पोहरुलाई व्यवस्थित गरी बिद्युतीय सवारी साधन संचालनमा जोड दिईनुको साथै शहरलाई व्यवस्थित तथा अनुशासित बनाउनका लागि

केही  संख्यामा नगर प्रहरीको नियुक्ति र परिचालन गरी आवश्यक कार्य अगाढी बढाइने छ ।

१५६. बजारको सुन्दरता नबिगार्न साथै सडक दुर्घटनाको जोखिम लाई न्यूनिकरण गर्न पार्किङ व्यवस्थित गरि तोकिएको स्थानमा पार्किङ गर्ने व्यवस्था मिलाइने छ ।

१५७.  नगर क्षेत्रका सबै पूर्वाधारहरु अपाङ्गमैत्री भौतिक संरचना निर्माणमा जोड दिदैं मध्यम अपाङ्गता भएका व्यक्तिहरुका लागि रोजगारका अवसर सिर्जना गर्ने खालका व्यवसायिक तथा सिपमुलक कार्यक्रमहरु मा सहभागी गराई संचालन गरी आत्मनिर्भर क्षमताको विकास गरिनेछ ।

१५८. नगरक्षेत्र भित्रका सडकहरु निर्माण तथा मर्मत सम्भार कार्यलाई प्राथमिकता दिइनेछ । लमहीको विकासमा बहुआयामिक सकारात्मक प्रतिफल दिन सक्ने रिङ्गरोड सडक निर्माण कार्यलाई थप प्राथमिकताका साथ अगाडि बढाईनेछ ।

१५९. सवै वडा कार्यालयहरु आफ्नै भवनबाट संचालन गर्ने ध्येयका साथ आफ्नै भवन नभएका वडा कार्यालयहरुमा क्रमशः वडा कार्यालय भवन निर्माण गरी सेवा प्रवाहलाई  सहज बनाउने  नीतिलाई निरन्तरता दिइनेछ ।

१६०. घरनक्सा पास सम्बन्धमा सचेतनामुलक कार्यकम संचालन गरी घर टहरा निर्माण गर्दा नगरपालिकाबाट निर्माण गर्ने विधि तदारुकताका साथ अघी बढाईने छ ।

१६१. घर निर्माणको अनुमति प्रक्रिया उपयुक्त मापदण्डको शौचालय र सेफ्टि ट्यांकी निर्माण गर्नै पर्ने विधी पालना गराईने छ ।

**नगरसभा सदस्य ज्यूहरु,**

१६२. नागरिकको संविधान प्रदत्त सूचना माग्न पाउने आम नागरिकको नैसर्गिक अधिकारलाई सम्मान गर्दै नगरपालिकाले आफ्ना गतिविधिहरुलाई विभिन्न बिधुतिय तथा छापा माध्यमबाट सहज र सर्वसुलभ रुपमा प्राप्त गर्न सक्ने तथा सार्वजनिक गर्ने व्यवस्था मिलाईने छ ।

१६३. आगामी आर्थिक वर्षमा यस कार्यालयलाई पेपरलेस (कागज प्रयोगमा न्यूनिकरण) गर्न अफिस अटोमेशन सिस्टम लागु गरिनेछ ।

१६४.  स्मार्ट पालिकाको अवधारणालाई आत्मसाथ गर्दै  नगरवासीहरुले वडा तथा पालिकास्तर बाट प्रदान गरिने सिफारिस समबन्धि सेवाहरु घरै बसी बसी लिन सकिने बनाउन मोबाइल एप निर्माण गरि संचालनमा ल्याइने छ ।

१६५. स्थानीय संचार माध्यम तथा संचारकर्मीहरुको क्षमता अभिबृद्धि लक्षित कार्यक्रमहरु संचालनमा ल्याइने छ ।

१६६. सेवाग्राहीहरुको गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाइने छ। सेवा प्रवाह लाई सेवाग्राहीको आवश्यकता अनुसार प्रविधिमैत्री बनाईनेछ ।

**आदरणीय नगरसभा सदस्य ज्यूहरु,**

१६७. कर्मचारीहरुलाई उच्च मनोवल सहित कार्यगर्ने वातावरण तयार गरी उचित प्रोत्साहन सहित उनिहरुको क्षमता विकासको लागि बिषयगत तालिमको व्यवस्था मिलाईनेछ । कर्मचारी प्रशासनलाई थप जवाफदेही, प्रतिस्पर्धि र उत्प्रेरित बनाइनेछ ।

१६८. सार्वजनिक सेवालाई शीघ्र, सरल, मितव्ययी र सबैको पहुँचमा पुर्‍याउने तथा सेवा प्रवाहलाई स्वच्छ, निष्पक्ष पारदर्शी र सेवाग्राहीमैत्री बनाइनेछ । सेवाग्राहीमैत्री पूर्वाधार र सेवामा समर्पित जनशक्ति निर्माणमा बढावा दिइने छ ।

१६९. नेपाल सरकारले अवलम्वन गरको भ्रष्टाचार र लैंगिक हिंसा विरुद्ध शुन्य सहनसिलता नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१७०. कर्मचारी संगठन तथा व्यवस्थापन (O&M) सर्भेक्षण प्रतिवेदनको परिधि भित्र रही आगामी आ.व. ०७८।०७९ चुस्त र गतिशलि जनशक्ति व्यवस्थान गरी सेवा प्रवाहलाई नतिजामुखी बनाइने छ । आवद्ध जनशाक्तिको पेशागत आचरण र अनुसाशन, जिम्मेवारी र जबाफदेहीता अभिबृद्धि गर्दै नागरिक संवेदनशिलता कायम गर्न समयपरक गतिशिल प्रशानीक व्यवस्थापनका लागि शुन्य सहनशिलताको नीति अख्तियार गरीने छ । नगरपालीका र अन्तर्गत निकायहरुबाट प्रदान गरिने सेवालाई नगरमैत्री, सरल, सहज एवं भरोषा योग्य बनाइने छ ।

१७१. लमही नगरपालीकालाई गतिशिल र बहुआयामिक जनशक्ति र संगठनको रुपमा रुपान्तरण गरी प्रक्षेपीत नीति तथा कार्यक्रमको पूर्ण सफलता र कार्याव्यिनको लागि आवद्ध जनशक्तिको क्षमता विकास, संस्थागत सुधार र सुदृढीकरणका कार्यक्रमहरु उच्च प्राथमिकताका साथ संचालन गरिने छन् ।

धन्यबाद !
कुल बहादुर के.सी.
अध्यक्ष
२०७८ असार ९ गते बुधबार ।